# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लाकुरीभञ्ज्याङ, नुवाकोट
बागमती प्रदेश, नेपाल

प.सं.:२०८२/०८३
सु.नं.: ६०

मिति : २०८३/०३/३१

**सामाजिक सुरक्षा भत्ताका लागि नवीकरण सम्बन्धमा अत्यन्त जरुरी सुचना ।**

प्रस्तुत विषयका समवन्धमा सामाजिक सुरक्षा नियमावली,२०७६ को (दोस्रो संशोधन सहित) को नियम ९ को उपनियम (१) नियम ८ बमोजिमको परिचयपत्र प्रत्येक आर्थिक वर्षको भदौ मसान्त भित्र नवीकरणको लागि सामाजिक सुरक्षा भत्ता पाउने व्यक्ती स्वयम् उपस्थित भई सम्बन्धित वडा कार्यालयमा निवेदन दिनु पर्नेछ भन्ने साविकको व्यवस्थामा संशोधन भई सामाजिक सुरक्षा (तेस्रो संशोधन) नियमावली, २०८२ बमोजिम सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम ९ को उपनियम (१) मा "भदौ मसान्त भित्र" भन्ने शब्दहरुको सट्टा "असोज मसान्त सम्म" निवेदन दिनुपर्ने प्रावधान रहेको र आर्थिक वर्ष २०८३/०८४ देखि सामाजिक सुरक्षा भत्तालाई थप व्यवस्थित गर्न राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागको सुचना अनुसार बायोमेट्रिक रुजु गर्नु पर्ने भएकोले वालवालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने,अशक्त असहाय अथवा ९० वर्ष भन्दा माथिका जेष्ठ नागरिकको हकमा राष्ट्रिय परिचयपत्र नभए पनि सेवा लिन बाधा नपर्ने र अन्य व्यक्ती को हकमा राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको हुँदा सोही अनुसार यस गाउँपालिकाका सम्पूर्ण सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले "२०८३ श्रावण १ गते देखि असोज मसान्त सम्म" आ-आफ्नो वडा कार्यालयहरुमा तपशिलका कागजात सहित स्वयम् उपस्थित भई आ.व.२०८३/०८४ का लागि सामाजिक सुरक्षा भत्ता नविकरण गर्न/गराउन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

हिराधन राई
प्रमुख प्रशासकीय अधिकृत

हिराधन राई
प्रमुख प्रशासकीय अधिकृत

# पञ्चकन्या गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## लाकुरीभञ्ज्याङ, नुवाकोट
## बागमती प्रदेश, नेपाल

प.सं.:२०८२/०८३
च.नं.: ६०

आवश्यक कागजातहरु

| सामाजिक सुरक्षा भत्ताको किसिम | आवश्यक कागजात | कैफियत |
|---|---|---|
| ज्येष्ठ नागरिक भत्ता (अन्य) | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,सामाजिक सुरक्षा भत्ता परिचयपत्र, राष्ट्रिय परिचयपत्र । | |
| ज्येष्ठ नागरिक भत्ता (दलित) | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, राष्ट्रिय परिचयपत्र । | |
| ज्येष्ठ नागरि (एकल) महिला भत्ता | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, राष्ट्रिय परिचयपत्र र अविवाहित प्रमाणपत्र । | |
| पूर्ण अपाङ्गता (क) वर्ग तथा अति अशक्त अपाङ्गता (ख) वर्ग | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, राष्ट्रिय परिचयपत्र, संरक्षकको नागरिकताको प्रतिलिपी । | |
| विधवा | नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, पतिको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि, अविवाहित प्रमाणपत्र, सामाजिक सुरक्षा भत्ता परिचयपत्र, राष्ट्रिय परिचयपत्र र अविवाहित प्रमाणपत्र । | |
| वालवालिका | जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपी, सामाजिक सुरक्षा भत्ता परिचययपत्र, संरक्षकको नागरिकताको प्रतिलिपी । | |

हिराधन राई
प्रमुख प्रशासकीय अधिकृत

"शिक्षा, पर्यटन, पूर्वाधार, कृषि क्षेत्रमा लगाऔं सीप र ज्ञान ! समृद्ध पञ्चकन्या निर्माण हाम्रो अभियान !!"

Website: www.panchakanyamun.gov.np Email: panchakanya.ga.pa@gmail.com